## जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC)का निर्णयहरु (२०७७-१२-२९)

**निर्णय नं १**

जिल्ला भित्र स्वास्थ्य सुरक्षाका मापदण्डको परिपालना भए/नभएको सम्बन्धी अनुगमन गर्न सहायक प्रमुख जिल्ला अधिकारी श्री भिमकान्त पौडेलको संयोजकत्वमा तपशिल बमोजिमको अनुगमन समिति गठन गर्ने ।

| | | |
|---|---|---|
| सहायक प्रमुख जिल्ला अधिकारी श्री भिमकान्त पौडेल | ...................... | संयोजक |
| अधिकृत प्रतिनिधि | , स्वास्थ्य कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि | , जिल्ला प्रहरी कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि | , सशस्त्र प्रहरी बल | सदस्य |
| अधिकृत प्रतिनिधि | , नारायणी अस्पताल | सदस्य |
| अधिकृत प्रतिनिधि | सम्बन्धित स्थानीय तह | सदस्य |
| प्रतिनिधि | वीरगंज उद्योग वाणिज्य संघ | सदस्य |

**निर्णय नं २**

जिल्लास्थित सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाहरु कोभिडको उपचारको लागि पर्याप्त नभएमा नेशनल मेडिकल कलेजले व्यवस्थापन गरेको कोभिड १९ अस्थायी बाबा अस्पताललाई पुन: सुचारु गराउन आवश्यक व्यवस्थाका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई अनुरोध गर्ने ।

**निर्णय नं ३**

वीरगंज स्थित ईनर्वा नाकामा स्थापित हेल्थ डेस्क मार्फत स्वास्थ्य चेक जाँच एवं अभिलेख व्यवस्थापनलाई थप प्रभावकारी बनाउने । सो बाहेकका अन्य सिमा नाकाबाट अनाधिकृत रुपमा हुने आवागमन पुर्ण रुपमा नियन्त्रण गर्ने ।

**निर्णय नं ४**

नारायणी अस्पतालले ICU र HDU बेडलाई तत्काल पूर्ण क्षमतामा संचालन हुने गरी तयारी अवस्थामा राख्ने ।

**निर्णय नं ५**

नीजि अस्पतालले कोभिडका शंकास्पद विरामीहरुको उपचारका लागि अनिवार्य रुपले २० प्रतिशत बेड छुट्याई राख्ने ।

प्रमुख जिल्ला अधिकारी

**निर्णय नं ६**

सबै स्थानीय तहहरुले प्रत्येक वडाहरुमा आईसोलेशन सेन्टर/क्वारेन्टिनको व्यवस्था गर्ने र लामो समयदेखी भारत लगायत अन्य देशमा बसोबास गरी आएकाहरुलाई अनिवार्य रुपमा १० दिन होम/आईसोलेसन सेन्टरमा/क्वारेन्टिनमा बस्ने/रहने व्यवस्था सम्बन्धित स्थानीय तहहरुले मिलाउने ।

**निर्णय नं ७**

पेड होटेल क्वारेन्टाईन अथवा आईसोलेसन निर्माणको लागि होटेल व्यवसायी संघसँग समन्वय र सहकार्य गर्ने ।

**निर्णय नं ८**

स्थानीय तहहरुले नियमानुसार CICT Team मार्फत कोभिड-१९ नियन्त्रणको कार्य गर्ने गराउने, नियमित रिपोर्टिङ्ग गर्ने, होम आईसोलेसन मा बसेका पोजेटिभ विरामीहरुको फ्लोअप गर्ने, अस्पताल पठाउने विरामीहरुलाई अस्पतालसँग समन्वय गरी समयमा पठाउने तथा समुदायस्तरमा रेपिड एन्टिजेन टेस्टका लागि लक्षित समूहको पहिचान गरी मास स्क्रिनिङ गर्ने/गराउने कार्यमा जिल्ला स्थिति CICT Team सँग समन्वय गर्ने ।

**निर्णय नं ९**

सबै सरकारी कार्यालय, स्थानीय तह, शपिङ मल, उद्योग, व्यवसाय, सिनेमा हल, पार्टी प्यालेस, होटेल, धार्मिक स्थल लगायत भिडभाड हुने स्थानमा कोभिड-१९ को सन्दर्भमा पालना गर्नुपर्ने जनस्वास्थ्य/सुरक्षाका मापदण्ड कडाईका साथ पालना गर्ने/गराउने ।

**निर्णय नं १०**

घर बाहिर र सार्वजनिक स्थलहरुमा मास्कको अनिवार्य प्रयोग गर्न लगाउने तथा मास्क प्रयोग नगर्नेलाई संक्रमक रोग ऐन बमोजिम तत्काल कारवाही गर्ने ।

**निर्णय नं ११**

सिकिस्त कोभिड-१९ पोजेटिभ विरामी अस्पतालसम्म पुर्‍याउन जिल्लास्तरमा PRT (Patient Receiving Team), DEOC, जिल्लास्थित CICT Team र जिल्ला प्रहरी कार्यालयको समन्वयमा चालक सहित २ वटा एम्बुलेन्स र एउटा शवबाहन आजै देखी तयारी अवस्थामा राख्ने र आवश्यक परेको ठाउँमा परिचालन गर्ने ।

**निर्णय नं १२**

रात्रीकालीन व्यवसाय तथा होटेल, रेष्टुराहरु राती ९:०० बजेसम्म मात्र संचालन गर्ने ।

प्रमुख जिल्ला अधिकारी